जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

## राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ ※ अंक : २५३ ※ २०८२ साल चैत्र २५ गते, बुधबार ※ Wednesday, Arp.– 08 2026 ※ मूल्य रु. ५/- पृष्ठ : ४

## बारामा अवैध क्रसर उद्योगको मनपरी, चुरे दोहनदेखि कर छलीसम्म गम्भीर संकट





***संवाहक सम्वादाता**-२४चैत्र, कलैया*
बाराका विभिन्न स्थानीय तहमा अवैध रूपमा सञ्चालन भइरहेका क्रसर उद्योगले चुरे क्षेत्रको दोहन, नदीको धार परिवर्तन, बाढी-पहिरोको जोखिम र जल संकटसम्मका गम्भीर समस्या निम्त्याएको पाइएको छ। महागढीमाई नगरपालिका-७ लगायत आसपासका क्षेत्रमा बिना दर्ता र अनुमति दुई दर्जनभन्दा बढी क्रसर उद्योग निर्वाध रूपमा सञ्चालनमा रहेका छन्।

स्थानीयका अनुसार यी उद्योगहरूले कानुनी मापदण्ड विपरीत नदी तथा खोलाबाट बालुवा, गिट्टी र ढुङ्गा उत्खन्न गरिरहेका छन्। अनियन्त्रित उत्खन्नका कारण नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै वर्षायाममा बाढी र पहिरोको जोखिम बढेको छ। चुरे क्षेत्रको अत्यधिक दोहनले जंगल विनाश, जमिनको कटान र दीर्घकालीन जल संकट निम्त्याउने अवस्था सिर्जना भएको विज्ञहरू बताउँछन्।

क्रसर उद्योगबाट निस्कने धुलो र प्रदूषणले स्थानीय बस्तीमा स्वास्थ्य समस्या बढाएको छ भने गुणस्तरहीन निर्माण सामग्री उत्पादन गरी बजारमा बिक्री भइरहेको आरोप पनि छ। यस्तै, तोकिएको सीमा भन्दा बढी उत्खन्न र अवैध कारोबारका कारण राज्यलाई करोडौं रुपैयाँ राजस्व चुहावट भइरहेको जनाइएको छ।

अनुगमन तथा नियमनका लागि जिम्मेवार जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र जिल्ला प्रहरी कार्यालय लगायतका निकाय प्रभावकारी रूपमा सक्रिय नभएको भन्दै स्थानीयले आलोचना गरेका छन्। सरोकारवाला निकायको अनुगमन ‘देखावटी’ मात्र भएको आरोपसमेत लागिरहेको छ।

बाँकी तेस्रो पृष्ठमा

## सरकारी विज्ञापनमा सवा ३ अर्बको भ्रष्टाचार: बेथिति, कमिशन जालो र सुधारको अपरिहार्यता

***“सरकारी विज्ञापनमा सवा ३ अर्बको भ्रष्टाचारले प्रणालीगत अस्वस्थ प्रतिस्पर्धा र कमिशन जालो उजागर गरेको छ। निजी मिडियामा विज्ञापन रोक्ने हालको निर्णयले तत्काल विचौलियामाथि झट्का पुऱ्याए पनि दीर्घकालीन समाधान होइन। पारदर्शी, डिजिटल र प्रतिस्पर्धात्मक प्रणालीमार्फत मात्र राज्यकोषको दुरुपयोग रोक्न र सूचना प्रवाह सुनिश्चित गर्न सकिन्छ।”***



लेखक: पन्नालाल दास

नेपालमा सरकारी विज्ञापन प्रणालीभित्र गहिरो जरा गाडेर बसेको अनियमितता, मिलेमतो र कमिशनको जालोले हरेक वर्ष करिब सवा तीन अर्ब रुपैयाँ बराबरको भ्रष्टाचार हुने गरेको तथ्य सार्वजनिक हुनु केवल आर्थिक अनियमितता मात्र होइन, राज्यको शासन प्रणालीमाथिकै गम्भीर प्रश्न हो। नागरिकलाई सुसूचित गर्ने उद्देश्यले विनियोजन गरिने सार्वजनिक स्रोत सीमित समूहको लाभमा परिणत हुनु लोकतन्त्रको मूल मर्म–पारदर्शिता, जवाफदेहिता र समान पहुँच–प्रतिकूल छ।

सरकारी विज्ञापन वितरणको वर्तमान अभ्यास हेर्दा यो क्षेत्र ‘सूचना प्रवाह’ भन्दा बढी ‘आर्थिक लेनदेन’ को माध्यममा परिणत भएको देखिन्छ। सञ्चारमाध्यमहरूबीच सरकारी विज्ञापन पाउन अस्वस्थ प्रतिस्पर्धा चुलिँदै गएको छ, जहाँ ९० देखि ९५ प्रतिशतसम्म छुट दिने अस्वाभाविक प्रवृत्ति सामान्यजस्तै भइसकेको छ। तर यस्तो छुट राज्यकोषमा प्रत्यक्ष लाभका रूपमा पुग्दैन। उल्टै, सरकारी निकायले पूर्ण दरमा भुक्तानी गर्ने, तर वास्तविक रकमको ठूलो हिस्सा कर्मचारी, विज्ञापन एजेन्सी र बिचौलियाको कमिशनका रूपमा बाँडफाँट हुने अवस्था रहेको छ। यसले भ्रष्टाचारलाई संरचनागत रूपमै संस्थागत गरेको स्पष्ट देखिन्छ।

विस्तृत रूपमा हेर्दा, यो प्रणालीमा संलग्न पात्रहरूको जालो निकै फराकिलो छ। कार्यालय प्रमुख, लेखापाल, चालुपुर्जा कर्मचारी, स्थानीय तहका प्रमुख वा अध्यक्ष, उपप्रमुख वा उपाध्यक्षदेखि विज्ञापन एजेन्सीसम्मको समन्वयमा ‘डिल’ तय हुने, जसअनुसार ५०-५० वा ६०-४० प्रतिशतसम्म कमिशन बाँडिने गरेको आरोप बारम्बार उठ्दै आएको छ। दररेटभन्दा पाँचदेखि सात गुणासम्म बढी बिलिङ गर्ने, तर वास्तविक प्रकाशन वा प्रसारण न्यून स्तरमा सीमित राख्ने अभ्यासले राज्यको ढुकुटीमा प्रत्यक्ष क्षति पुऱ्याइरहेको छ।

यसको अर्को गम्भीर पक्ष भनेको सूचना प्रवाहको उद्देश्य नै ओझेलमा पर्नु हो। सरकारी विज्ञापन, विशेषतः टेन्डर, सार्वजनिक सूचना वा सेवा सम्बन्धी जानकारीहरू, धेरैभन्दा धेरै नागरिकसम्म पुग्नुपर्ने हुन्छ। तर, सीमित प्रतिमा मात्र छापिने, कम पाठक पहुँच भएका माध्यममा प्रकाशन गरिने, वा केवल अभिलेखका लागि एक प्रति मात्रै निकालिने जस्ता प्रवृत्तिले प्रतिस्पर्धा सीमित पार्ने, सूचनाको पहुँच घटाउने र अन्ततः सार्वजनिक हितमा नोक्सानी पुऱ्याउने काम भइरहेको छ।

विगतका घटनाहरूले यो बेथिति

बाँकी तेस्रो पृष्ठमा

## गृह मन्त्रालयले “सेन्ट्रल कमान्ड सिस्टम” स्थापना गर्ने तयारी




***संवाहक सम्वादाता**-२४चैत्र, कलैया*
ज गृह मन्त्रालयले देशको शान्ति सुरक्षा र अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन ‘सेन्ट्रल कमान्ड सिस्टम’ स्थापना गर्ने तयारी गरेको छ। २०७८ चैत्र २४ गते बसेको उच्च व्यवस्थापन समूहको बैठकमा गृहमन्त्री सुधन गुरुङले उक्त प्रणालीको कार्य तत्काल अगाडि बढाउन निर्देशन दिएका छन्।

प्रस्तावित प्रणालीमार्फत मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलका जिल्लास्थित कार्यालयसँग सिधा सम्पर्क कायम गर्न सक्नेछ। यसले तत्काल सूचना आदानप्रदानलाई सहज बनाउने मात्र नभई महत्त्वपूर्ण क्षेत्रमा प्रत्यक्ष अनुगमन गर्ने सुविधा पनि प्रदान गर्नेछ। बैठकमा गृहमन्त्री गुरुङले प्रविधिको प्रयोगमार्फत शान्ति सुरक्षालाई थप मजबुत बनाउनुपर्नेमा जोड दिएका थिए।

साथै, सर्वसाधारणले प्रहरीमा दर्ता गरेका उजुरी र दर्ता भएका जाहेरीहरूको प्रगति विवरण फोन, एसएमएस र इमेलमार्फत समय-समयमा जानकारी लिन सक्ने व्यवस्था गर्न लागिएको छ। गृहमन्त्री गुरुङले भने, “जनताले अन्यायका विरुद्ध प्रहरीमा निवेदन दिएपछि प्रगतिको जानकारी लिन कार्यालय धाइरहनुपर्ने अवस्थाको अन्त्य गर्न यो व्यवस्था कार्यान्वयनमा ल्याइएको हो।”

नेपाल प्रहरीले यसअघि नै मातहतका कार्यालयलाई उक्त प्रणालीबारे निर्देशन दिइसकेको छ। गृहमन्त्रीले यस प्रणालीको साप्ताहिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने र अन्य निकायमा क्रमशः लागू गर्ने निर्देश पनि दिएका छन्। अन्तर्गतका निकायमा जनताको गुनासो सुन्ने प्रणालीलाई प्रभावकारी बनाउन, मन्त्रालयमा ‘कल सेन्टर’ स्थापना गरिने योजना छ। बैठकले निर्णय गरेको छ कि सबै कार्यालयका प्रमुखले गुनासो सम्बोधनका लागि विद्यमान संयन्त्रहरूलाई पूर्ण रूपमा सक्रिय बनाउनेछन्।

## कलैया उपमहानगरपालिकाले इन्धन खर्चमा ५० प्रतिशत कटौती




***संवाहक सम्वादाता**-२४चैत्र, कलैया*
बाराको कलैया उपमहानगरपालिकाले इन्धन खर्चमा ५० प्रतिशत कटौती गर्ने निर्णय गरेको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामविनयकुमार सिंहले आज जारी गरेको सूचनामा भनिएको छ कि अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यवृद्धि र आयातमा देखिएको समस्या एवं वित्तीय अनुशासन कायम राख्ने आवश्यकतालाई मध्यनजर गर्दै यस्तो कदम चालिएको हो।

सूचनाअनुसार, अर्को व्यवस्था नभएसम्म अत्यावश्यक सेवा र फिल्डमा खटिने कर्मचारी बाहेक अन्यलाई इन्धन उपलब्ध गराइने छैन। फिल्ड प्रयोजनका लागि पनि पहिलेको तुलनामा आधा मात्र इन्धन उपलब्ध गराइने जनाइएको छ। नगर प्रमुखको निर्देशनअनुसार लागू गरिएको यस निर्णयले प्रशासनिक खर्च घटाउने र स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने उद्देश्य राखेको छ।

स्थानीय तहमा इन्धनको सीमित स्रोत व्यवस्थापनको चुनौती बढ्दै गएको छ। पछिल्लो समय इन्धनको मूल्यवृद्धि, आपूर्ति समस्या र सरकारी बजेटमा तनावको कारण उपमहानगरपालिकाले यस कदममार्फत खर्च नियन्त्रण गर्ने प्रयास गरेको हो।

बाँकी तेस्रो पृष्ठमा

## पोखरिया नगरपालिकामा झडपजस्तो स्थिति, प्रमुख प्रशासकीय अधिकृत कार्यकक्षमै “होल्ड”






२४ चैत, वीरगञ्ज ।
पोखरिया नगरपालिकामा कर्मचारी व्यवस्थापनको विषयले चर्को रूप लिँदा प्रमुख प्रशासकीय अधिकृत कैशल कुमार झा केही समयका लागि आफ्नै कार्यकक्षभित्रै सीमित हुन पुगेका छन्।

नगरप्रहरी हटाउने निर्णयको विरोध गर्दै असन्तुष्ट समूहले कार्यालयमै पुगेर दबाब सिर्जना गरेको थियो। सो समूहको नेतृत्व मेयर प्रद्युमन चौहानका भाइ दिनेश चौहानले गरेका थिए। उनीहरूले हटाइएका १०५ भन्दा बढी नगरप्रहरीलाई पुनः नियुक्ति दिनुपर्ने, साथै रोकिएको तलब-भत्ता तत्काल उपलब्ध गराउनुपर्ने माग राख्दै कडा विरोध जनाएका थिए।

विवाद चर्किँदै जाँदा झालाई कार्यकक्षबाट बाहिर निस्कन नदिइएको थियो, जसका कारण केही समय नगरपालिकाको वातावरण तनावग्रस्त बनेको थियो। सेवाग्राहीको आवागमनमा समेत अवरोध देखिएको थियो भने प्रशासनिक कामकाज प्रभावित

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


# सम्पादकीय .......

## कंकाली मन्दिर क्षेत्रको गुठी जग्गा अतिक्रमणः मौनताले मेटिँदै इतिहास

बाराको सिम्रौनगढ नगरपालिका अन्तर्गत कंकाली मन्दिर आसपासको गुठी जग्गामा बढ्दो अतिक्रमण केवल भूमि विवादको विषय होइन, यो हाम्रो ऐतिहासिक, सांस्कृतिक र सामुदायिक पहिचानमाथिको सीधा प्रहार हो। दशकौँदेखि सामुदायिक उपयोगका लागि सुरक्षित राखिएको जमिन आज क्रमशः निजीकरणतर्फ धकेलिँदै जानु राज्यको कमजोरी र स्थानीय तहको निष्क्रियताको ज्वलन्त उदाहरण हो।

एक समय बैल बजार र तरकारी बजारका रूपमा प्रयोग हुँदै आएको दर्जनौं कठ्ठा क्षेत्रफलको गुठी जमिन आज साघुरिँदै मात्र होइन, कतिपय भाग व्यक्तिको नाममा दर्ता भइसकेको तथ्य झनै गम्भीर छ। सार्वजनिक प्रयोजनका लागि छुट्याइएको जमिनमा निजी घर निर्माण, गोठ, खेत तथा अन्य संरचना विस्तार हुनु केवल अतिक्रमण मात्र होइन, योजनाबद्ध कब्जा हो। सुरुमा अस्थायी प्रयोगका रूपमा देखिएको गतिविधि अहिले स्थायी संरचना र लालपूर्जासम्म पुग्नुले सम्बन्धित निकायहरूको भूमिका माथि गम्भीर प्रश्न उठाएको छ। गुठी जग्गा व्यक्तिको नाममा कसरी दर्ता भयो भन्ने प्रश्नको स्पष्ट उत्तर अहिलेसम्म नआउनु स्वयंमा शंकास्पद छ। मालपोत, नापी लगायतका निकायबीचको मिलेमतो बिना यस्तो कार्य सम्भव नहुने स्थानीयहरूको आशंका अस्वाभाविक होइन। यदि यस्तो मिलेमतो भएको हो भने यो केवल प्रशासनिक कमजोरी होइन, नीतिगत भ्रष्टाचारको ज्वलन्त उदाहरण हो, जसले सार्वजनिक सम्पत्तिलाई निजी लाभमा परिणत गर्ने खतरनाक प्रवृत्तिलाई प्रोत्साहित गर्छ। अतिक्रमणको अर्को गम्भीर असर बजार र जनजीवनमा देखिएको छ। पहिले खुला र व्यवस्थित रूपमा सञ्चालन हुने बजार क्षेत्र आज साघुरो बन्दै गएको छ। सडकहरू संकुचित भएका छन्, आवतजावत असहज भएको छ, र व्यापारिक गतिविधिमा प्रत्यक्ष असर परेको छ। यसले स्थानीय अर्थतन्त्रलाई मात्र कमजोर बनाएको छैन, समुदायको साझा जीवनशैलीमा समेत नकारात्मक प्रभाव पारेको छ। तर, सबैभन्दा ठूलो क्षति अदृश्य छ–इतिहास र पहिचानको क्षति। कंकाली मन्दिर क्षेत्र केवल धार्मिक स्थल होइन, सिम्रौनगढ तिरहुत राज्यको ऐतिहासिक र सांस्कृतिक जीवनको केन्द्र हो। यही क्षेत्र वरिपरि विकसित भएको बजार, परम्परा र सामुदायिक अभ्यास अहिले अतिक्रमणका कारण हराउने अवस्थामा पुगेका छन्। यदि यही गति कायम रह्यो भने, केही वर्षभित्रै यो क्षेत्र आफ्नो मौलिक स्वरूप गुमाएर केवल निजी संरचनाको थुप्रोमा सीमित हुने खतरा स्पष्ट देखिन्छ। दुर्भाग्यवश, स्थानीय सरकारको भूमिका सन्तोषजनक देखिएको छैन। बारम्बार गुनासो आउँदा पनि अतिक्रमण हटाउने, अवैध दर्ता खारेज गर्ने वा दोषीमाथि कारबाही गर्ने ठोस पहल नदेखिनु जनप्रतिनिधिहरुमाथि उठेका प्रश्नहरूलाई बलियो बनाउँछ। भोटको राजनीतिले कानुनी कडाइलाई कमजोर बनाएको आरोपलाई बेवास्ता गर्न सकिँदैन। अब पनि ढिला गरियो भने स्थिति नियन्त्रणभन्दा बाहिर जाने निश्चित छ। त्यसैले तत्काल नापजाँच गरी वास्तविक सीमा निर्धारण गर्ने, अवैध रूपमा गरिएको दर्ता खारेज गर्ने, अतिक्रमित क्षेत्र खाली गराउने, र गुठी व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउने काम प्राथमिकतामा राखिनुपर्छ। साथै, दोषी कर्मचारी, बिचौलिया र कब्जाधारीलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्नु अनिवार्य छ। अन्ततः, गुठी जग्गा केवल जमिन होइन–यो हाम्रो इतिहास, परम्परा र सामुदायिक अस्तित्वको आधार हो। यसलाई जोगाउनु केवल सरकारको दायित्व होइन, सम्पूर्ण समाजको जिम्मेवारी हो। मौनता अब विकल्प होइन; यदि आजै कदम चालिएन भने, भोलि पछुताउनु बाहेक अरु केही बाँकी रहने छैन।

# सेयर बजार : भ्रम र यथार्थ

लगानीकर्ताले धैर्य गर्नुपर्ने अवस्था छ। राज्यले नियामक निकायको कमजोरी हटाई पुनर्संरचना गर्ने, आवश्यक कानुनको परिमार्जन/निर्माण र परिपालना गराउने, यस क्षेत्रमा लगानी शुद्धीकरणका अस्त्र प्रयोग गर्ने कार्यमा निर्मम ढङ्गबाट अघि बढेमा नेपालको पुँजी बजारले सही आकार र वास्तविक अवस्था ग्रहण गर्ने छ।





पुण्यप्रसाद भट्टराई

अर्थशास्त्रमा एउटा प्रसिद्ध र व्यङ्ग्यात्मक ठट्टा छ- एक जना अर्थशास्त्री र उनका मित्र सडकमा हिँड्दै गर्दा भुइँमा हजार रुपियाँको नोट देख्छन्। मित्रले त्यो नोट टिप्न खोज्दा अर्थशास्त्रीले रोक्दै भन्छन्, "नटिप, त्यो नक्कली हो। यदि त्यो सक्कली हुन्थ्यो भने अहिलेसम्म कसैले टिपिसक्थ्यो।" यो ठट्टाले आधुनिक वित्तशास्त्रको एक खम्बा मानिने 'कुशल बजारको परिकल्पना सिद्धान्त' ('इफिसियन्ट मार्केट हाइपोथेसिस इएमएच') लाई सटिक रूपमा चित्रण गर्छ, जहाँ बजारमा उपलब्ध सबै सूचनाहरू स्टकको मूल्यमा पहिले नै प्रतिविम्बित भइसकेका हुन्छन् र कसैले पनि बजारलाई झुक्याएर अस्वाभाविक नाफा कमाउन सक्दैन भन्ने दाबी गर्छ। विकसित विश्वमा उल्लिखित दृष्टान्त अनुरूप पुँजी बजार वास्तवमै कुशल बजारको सिद्धान्तमा चल्छ र चल्नु पर्छ भन्ने पहिलो मान्यता हो। कुशल बजारका लागि सूचनाको सबैभन्दा बढी महत्व हुन्छ र त्यो सूचना सबै लगानीकर्तामा समान रूपले पुग्नु पर्छ भन्ने मान्यता रहन्छ। 'इन्फरमेसन एसिमेट्री' अर्थात् सूचनाको प्रवाह र परिधि समान ढङ्गबाट हुनु पर्छ भन्ने अर्को मान्यता हो। पुँजी बजारको स्वस्थ प्रतिस्पर्धाका लागि यो सूचना प्रवाहको सिद्धान्त नागरिकमैत्री र प्रजातान्त्रिक मान्यता हो तर के नेपालको पुँजी बजारमा यसरी सूचनाको प्रवाह भएर बजार चलेको छ त ?

यस्ता विश्वव्यापी सिद्धान्तले सेयरबजारलाई एउटा व्यवस्थित अर्थतन्त्रको अनुहारको रूपमा प्रतिविम्बित गर्छ। वास्तवमा सेयरबजारलाई 'जुवाघर' को रूपमा बुझ्नु एउटा गम्भीर वित्तीय भ्रम हो; यथार्थमा सेयर बजार एक "तार्किक जोखिम र सम्भावित प्रतिफल" बिचको वैज्ञानिक सन्तुलन हो। जुवामा जित र हार पूर्णतया भाग्य मा निर्भर हुन्छ, जहाँ गणितीय सम्भाव्यताको सत्य सधैँ खेलाडीको विरुद्धमा हुन्छ। पुँजी बजारमा लगानीकर्ताले कम्पनीको व्यावसायिक स्वास्थ्य, व्यवस्थापकीय दक्षता र अर्थतन्त्रको दिशालाई विश्लेषण गरेर 'क्याल्कुलेटेड जोखिम' लिन्छन्। यसबाट निश्चित समयमा निश्चित प्रतिफल प्राप्त गर्छन्। अर्थशास्त्रको सर्वमान्य सिद्धान्त अनुसार लगानीकर्ताले जति उच्च जोखिम वहन गर्ने साहस र सामर्थ्य राख्छन्, बजारले उनीहरूलाई त्यति नै आकर्षक प्रतिफलद्वारा पुरस्कृत गर्छ। यहाँ स्टकको बिटा अर्थात् 'भोलाट्यालिटी' अध्ययन गरिन्छ। नेपाली लगानीकर्ता प्रायः हाई बिटा भएका सेयरमा आकर्षित हुन्छन्, जहाँ मूल्य छिटो बढ्छ तर उनीहरूले के बिर्सिन्छन् भने बजार ओरालो लाग्दा तिनै हाई बिटा सेयरहरू सबैभन्दा पहिले र सबैभन्दा धेरै दरमा खस्छन्। जोखिमको यही वैज्ञानिक मापनलाई नबुझी लगानी गर्दा नै धेरैले पुँजी बजारलाई जुवाघरको संज्ञा दिने गरेका छन्। त्यसैले बिनाअध्ययन र केवल हल्लाको भरमा हाम फाल्नु 'जुवा' हुन सक्छ तर तथ्याङ्क र धैर्यमा आधारित लगानी देशको उत्पादनशील अर्थतन्त्रमा हिस्सेदार बनेर आफ्नो पुँजी वृद्धि गर्ने एउटा मर्यादित र अनुशासित मार्ग बन्छ। नेपालको पुँजी बजारमाथि प्राज्ञिक र व्यवस्थित अध्ययन हुन सकेको छैन, जसले गर्दा बजारका धेरै पक्ष केवल अनुमान र सतही विश्लेषणमा सीमित छन्। लगानीकर्ता पनि पूर्ण सूचना र विश्लेषणमा आधारित नभएर सामान्य हल्लाका आधारमा दौडने वा 'ट्रेन्ड' समात्न उद्यत हुने देखिएको छ। नेप्सेको कारोबार शैली र सूचना प्रवाहको प्रकृतिलाई हेर्दा केही यस्ता 'ओपन सेक्रेट' (खुला रहस्य) तथ्य छन्, जसलाई कुनै औपचारिक अनुसन्धानले प्रमाणित नगरे पनि आमलगानीकर्ताले दैनिक रूपमा भोगिरहेका हुन्छन्। उदाहरणका लागि कुनै पनि सूचीकृत कम्पनीको लाभांश वा मर्जर जस्ता संवेदनशील निर्णय आधिकारिक रूपमा सार्वजनिक हुनुपूर्व नै सेयरको मूल्य र कारोबारको आयतनमा देखिने अस्वाभाविक बढोत्तरीले 'इनसाइडर ट्रेडिङ' को बलियो उपस्थितिलाई सङ्केत गर्छ। यसलाई कतिपय साना लगानीकर्ताले बुझ्केकै छैनन्।

कम चुक्ता पुँजी भएका कम्पनीको सेयर 'कर्नर' गरेर मूल्य अकासिनु र हल्लाको भरमा सर्वसाधारणलाई आकर्षित गर्नु पनि नेपाल जस्ता साना र परिपक्व हुन नसकेका पुँजी बजारका यथार्थ हुन्। यी तथ्यलाई कानुनी रूपमा प्रमाणित गर्न कठिन भए पनि बजारको उतारचडाव र 'ट्रेन्ड' ले एक सार्वजनिक सत्यको रूपमा स्थापित गरिदिएको हुन्छ, जुन अर्थशास्त्र वा लगानीशास्त्र पढेको सामान्य मानिसले सहजै बुझ्न सक्छ। नेपालको पुँजी बजारको इतिहासमा लगानीकर्ताले आफ्ना माग सम्बोधनका लागि सडकमै उत्रिएर आमरण अनसन र आन्दोलन गरेका घटना छन्। विशेष गरी नीतिगत अस्थिरता, मार्जिन लेन्डिङमा लगाइएका सीमा र बजारमा हुने अस्वाभाविक चलखेल रोक्न लगानीकर्ताले पटक-पटक सरकार र नियामक निकायलाई झकझक्याउँदै आएका छन्। यस्ता आन्दोलन केवल नीतिगत सुधारका लागि मात्र गरिएको देखिँदैन; यसको पछाडि कैयौं लगानीकर्ताको गुमेको घरबार र विक्षिप्त मानसिक अवस्थाको कारुणिक कथा लुकेको देखिन्छ। बजारमा अस्वाभाविक उतारचढावका कारण सर्वस्व गुमाउँदा केही लगानीकर्ताले त चरम निराशामा पुगेर आत्महत्यासमेत गरेका हृदयविदारक उदाहरण पनि छन्। यी घटनाले स्पष्ट पार्छन् कि पुँजी बजारको नियमन लगानी व्यवस्थापनका लागि गरिएको केवल प्राविधिक विषय मात्र होइन, बरु यो मानिसको जीविकोपार्जन र बाँच्न पाउने अधिकारसँग जोडिएको एक गम्भीर मानवीय सवाल पनि हो। पुँजी बजारका बहुसङ्ख्यक लगानीकर्ता आधुनिक वित्तीय सिद्धान्त, विशेष गरी 'कुशल बजारको परिकल्पना' को आधारभूत ज्ञानबाट विमुख देखिन्छन्। धेरैका लागि सेयर बजार केवल 'सस्तोमा किन्ने र महँगोमा बेच्ने' एउटा सरल खेल मात्र हो, जहाँ लगानी निर्णयको आधार कम्पनीको वित्तीय प्रतिवेदन वा बजार कुशलताभन्दा पनि सामाजिक सञ्जालका हल्ला र अपुष्ट सूचना बन्ने गरेका छन्। इएमएचले सूचनाको समान वितरण र मूल्यमा त्यसको तत्कालै प्रतिविम्ब हुनुपर्ने कुरामा जोड दिन्छ तर कमजोर अर्थतन्त्र र वित्तीय साक्षरता नभएका लगानीकर्तामा यो चेतनाको

***अभाव हुँदा उनीहरू***

'इनसाइडर' हरूले बुनेको जालमा सजिलै फस्ने गरेका छन्। जबसम्म आमलगानीकर्ताले बजारको अकुशलतालाई चिन्न र जोखिमको वैज्ञानिक व्यवस्थापन गर्न सिक्दैनन्, तबसम्म उनीहरूको लगानी तार्किक हुनुको साटो केवल अनुमान र भाग्यको भरोसामा अल्झिरहने निश्चित छ। आधुनिक वित्तशास्त्रको कसीमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) को वर्तमान अवस्थालाई सूक्ष्म रूपले केलाउने हो भने, यसले 'कुशल बजार' को सबैभन्दा प्रारम्भिक चरण मानिने 'विक फर्म अफ इफिसियन्सी' (कमजोर तहको कुशलता) को मापदण्डको वरिपरि घुमिरहेको देखिन्छ। सिद्धान्ततः 'विक फर्म' कुशलता बजारमा विगतका मूल्य र कारोबारका तथ्याङ्कबाट वर्तमान बजार मूल्य निर्धारित भएका हुन्छन्। उदाहरणका लागि हामी अरू अध्ययन नगरी ५२ हप्ताको उच्च र न्यून मूल्यको औसत मात्र हेरेर लगानीको निर्णय गरिरहेका हुन्छौं तर यथार्थमा केवल यति पक्षको विश्लेषणका आधारमा कसैले पनि अस्वाभाविक नाफा कमाउन सक्दैन भन्ने मानिन्छ र त्यस कम्पनीले सधैं एकैनासको लाभांश निरन्तरता दिन सक्छ भन्ने पनि हुँदैन। नेपाली बजारको यथार्थ निकै फरक र उल्टो छ। यहाँ सूचनाको प्रवाह 'लोकतान्त्रिक' हुनुको साटो 'पहुँच' मा आधारित छ भनिन्छ। कुनै पनि कम्पनीको लाभांश वा महत्वपूर्ण निर्णय नियामकको आधिकारिक सूचनामा आउनुपूर्व नै भित्री सूचनाका आधारमा सेयरको मूल्य र कारोबारको आयतनमा देखिने अस्वाभाविक चलखेलले यो सिद्धान्तलाई नै गिज्याइरहेको भान हुन्छ। जबसम्म नियामक निकायले 'रियल-टाइम' सूचना प्रवाहको ग्यारेन्टी गर्दैन र 'इनसाइडर' हरूले सूचना चुहाएर बजारलाई 'म्यानुपुलेट' गरिरहन्छन्, तबसम्म हाम्रो पुँजी बजार 'सेमी-स्ट्रोङ्ग' वा 'स्ट्रोङ्ग' किसिमले फड्को मार्न सक्दैन। यथार्थमा आधारभूत 'विक फर्म' को कुशलतामा पनि एउटा अपारदर्शी र कमजोर खेलमैदानकै रूपमा खुम्चिरहने बाध्यता रहन सक्छ। नेपालमा भित्री कारोबार रोक्न धितोपत्रसम्बन्धी ऐन, २०६३ (परिच्छेद ९) जस्ता कानुनी व्यवस्था गरिएका छन्। यी प्रावधानले सूचनाको दुरुपयोग गर्नेलाई दण्ड सजायको व्यवस्था त गरेका छन् तर व्यवहारमा यी कानुन खासै प्रभावकारी प्रयोग हुन सकेका छैनन्। सूचना सार्वजनिक हुनुअघि नै बजारमा देखिने अस्वाभाविक उतारचढावलाई नियन्त्रण गर्न नियामक निकायले प्रभावकारी ढङ्गबाट अघि बढ्न आवश्यक देखिन्छ। पछिल्लो समय स्टकचार्ट अवलोकन गर्दा लगानीकर्तामा एउटा गम्भीर 'प्यानिक' को अवस्था सिर्जना भएको जस्तो देखिन्छ। यसको एउटा मुख्य कारण नेपाली बजारमा व्याप्त 'फियर अफ मिसिङ आउट' (फोमो) को प्रवृत्ति हो। जब बजार बढ्न थाल्छ, कतिपय लगानीकर्ता 'कतै म पछि पर्ने त होइन ?' भन्ने डरले बिना कुनै अध्ययन उच्च मूल्यमा सेयर किन्न पुग्छन् तर जब बजारमा केही गिरावट आउँछ, तिनै लगानीकर्ता सबैभन्दा पहिले आत्तिएर सेयर बेच्न हतारिन्छन्, जसले बजारको आत्मविश्वासलाई निकै कमजोर बनाउँछ। लगानीकर्ताहरू यसरी आत्तिनु भनेको केवल सेयरको मूल्य उतार चढाव हुनु मात्र होइन, यसले समग्र वित्तीय प्रणाली नै सङ्कटमा पर्न सक्ने जोखिम निम्त्याउँछ। यद्यपि, सरकारले पछिल्लो समयमा चालेका कदमले पुँजी बजारमा पारेको प्रत्यक्ष असरलाई केवल नियन्त्रणको रूपमा मात्र नहेरी, फोमोको लहरमा बगेका लगानीकर्तालाई 'कुशल बजार' को सही सिद्धान्त र सुशासनको मार्गमा फर्काउने एउटा कठोर तर आवश्यक 'सर्जरी' को रूपमा बुझ्नु पर्छ।

यतिबेला लगानीकर्ताले धैर्य गर्नुपर्ने अवस्था देखिन्छ। यदि राज्यले नियामक निकायको कमजोरी हटाई पुनर्संरचना गर्ने, आवश्यक कानुनको परिमार्जन/निर्माण र परिपालना गराउने, यस क्षेत्रमा लगानी शुद्धीकरणका अस्त्र प्रयोग गर्ने कार्यमा निर्मम ढङ्गबाट अघि बढेमा नेपालको पुँजी बजारले सही आकार र वास्तविक अवस्था ग्रहण गर्ने छ। यसका साथै सूचनाको पारदर्शिता सुनिश्चित गर्ने, पुँजी/वित्तीय साक्षरता प्रवर्धन गर्ने र संलग्न सबै 'इनसाइडर' हरूलाई पुँजी साक्षरताको दायरामा ल्याउने दृढता देखाउने हो भने, अहिलेको यो अन्योल चिर्दै भोलिका दिनमा नेपाली पुँजी बजार अझ परिपक्व, विश्वसनीय र वास्तविक अर्थमा 'कुशल' बन्ने आशा गर्न सकिन्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरान-अमेरिका तनाव : "सम्पूर्ण सभ्यता नै समाप्त हुने" ट्रम्पको चेतावनी

***वासिङ्टन, चैत २४ गते ।***

अमेरिका र इरानबिचको तनाव उत्कर्षमा पुगेसँगै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि कठोर हमलाको चेतावनी दिनुभएको छ । स्ट्रेट अफ हर्मोज पूर्ण रूपमा खुला गर्नका लागि आफूले दिएको समयसीमा सकिनै लाग्दा ट्रम्पले इरानलाई सम्बोधन गर्दै 'आज रात एउटा सिङ्गो सभ्यताको अन्त्य हुने' धम्की दिनुभएको हो ।

ट्रम्पको यो अभिव्यक्तिले मध्यपूर्वमा ठुलो युद्धको सङ्केत गरेको छ । अमेरिकाले इरानको रणनीतिक जलमार्गमा लगाएको अवरोध हटाउन केही घण्टाको मात्र समय बाँकी रहेको उल्लेख गर्दै उक्त चेतावनी दिएको अलजजिराले लेखेको छ ।

सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै ट्रम्पले इरानको ४७ वर्ष लामो 'भ्रष्टाचार र शोषण' को इतिहास



आज रातिबाट समाप्त हुने दाबी गर्नुभएको हो ।

ट्रम्पले लेख्नुभएको छ, "आज राति एउटा सिङ्गो सभ्यताको अन्त्य हुनेछ, जुन फेरि कहिल्यै फर्किएर आउने छैन । म यस्तो होस् भन्ने त चाहन्नँ, तर सम्भवतः यो हुनेछ ।" उहाँले इरानमा अब फरक, चलाख र कम कट्टरपन्थी सोच भएका व्यक्तिहरूको उदय हुने विश्वास व्यक्त गर्नुभएको छ । इरानको पछिल्लो राजनीतिक परिस्थितिलाई विश्व इतिहासकै एक महत्त्वपूर्ण र जटिल मोडको रूपमा व्याख्या गर्दै ट्रम्पले अगाडि भन्नुभएको छ, "हामीसँग अब पूर्ण र समग्र सत्ता परिवर्तनको अवस्था छ । सायद अब केही क्रान्तिकारी र सुखद परिणाम आउन सक्छन्, कसलाई थाहा छ ?"

## अफगानिस्तानमा युद्ध अपराध गरेको आरोपमा पूर्व अस्ट्रेलियाली सैनिक पक्राउ

क्यानबेरा, चैत २४ गते ।

अफगानिस्तानमा युद्ध अपराध गरेको को आरोपमा पूर्व अस्ट्रेलियाली सैनिक पक्राउ परेको जनाइएको छ । अस्ट्रेलियन प्रहरी ( एएफपी)ले विज्ञप्ति जारी गर्दै अस्ट्रेलियाली रक्षा बलका पूर्व सदस्यलाई सिड्नी एयरपोर्टमा पक्राउ गरिएको जनाएको छ । आरोपितलाई हत्या युद्ध अपराधलगायत पाँच वटा अभियोग लाग्ने जनाइएको छ ।

स्थानीय मिडियाले पक्राउ परेका बेन रोबर्ट्स-स्मिथ पूर्व विशेष बलका सिपाही रहेको पुष्टि गर्दै उनलाई सन् २०११ मा अफगानिस्तानमा शाहसिक



कार्यकाका लागि अस्ट्रेलियाली सम्मान प्रणालीमा सर्वोच्च पुरस्कार अस्ट्रेलियाका लागि भिक्टोरिया क्रस प्रदान गरिएको थियो । एएफपीका अनुसार सन् २००९ देखि २०१२ को बिचमा अफगानिस्तानमा पाँच जनाको हत्या भएको छ । दोषी ठहर भएमा आरोपीले अधिकतम आजीवन कारावासको सजाय भोग्नुपर्ने जनाइएको छ ।

## बारामा ...

कानुनी रूपमा हेर्दा, वातावरण संरक्षण ऐन, २०७६ र खानी तथा खनिज पदार्थ ऐन अनुसार बिना अनुमति उत्खन्न, वातावरणीय प्रभाव मूल्यांकन बिना उद्योग सञ्चालन तथा मापदण्ड उल्लंघन गरेमा जरिवाना, उद्योग बन्द तथा कैद सजायसम्मको व्यवस्था छ। साथै कर छली र राजस्व चुहावटका घटनामा प्रचलित राजस्व सम्बन्धी कानुनअनुसार कडा कारबाही हुने प्रावधान रहेको छ।

विशेषज्ञहरूले यस्तो गतिविधि तत्काल नियन्त्रण नगरे प्राकृतिक स्रोतको विनाश, वातावरणीय असन्तुलन र जनस्वास्थ्यमा गम्भीर असर पर्ने चेतावनी दिएका छन्। स्थानीयले सम्बन्धित निकायलाई अवैध क्रसर उद्योगमाथि कडाइका साथ कारबाही गर्दै दर्ता, मापदण्ड पालन र प्रभावकारी अनुगमन सुनिश्चित गर्न माग गरेका छन्।

## कलैया...

साथै, यस निर्णयले फिल्ड अनुगमन, विकास निर्माण र सेवा प्रवाहमा संलग्न कर्मचारीहरूको आवतजावतमा असर पर्न सक्ने अनुमान गरिएको छ। स्थानीयवासीहरू भने खर्च कटौती मार्फत सार्वजनिक स्रोतको संरक्षण हुने भएकाले सकारात्मक रूपमा लिएका छन्, तर अत्यावश्यक सेवामा असर नपर्नुपर्नेमा जोड दिएका छन्।

विशेषज्ञहरूले भने यस कदमलाई तत्कालिन व्यवस्थापन उपायको रूपमा देखाउँदै दीर्घकालीन समाधानका लागि डिजिटल ट्र्याकिङ प्रणाली, सवारी साधनको प्रभावकारी उपयोग र वैकल्पिक ऊर्जा स्रोतको प्रयोग आवश्यक रहेको बताएका छन्।

## सरकारी...

कति गहिरो छ भन्ने स्पष्ट पार्छन्। कतिपय अवस्थामा विज्ञापन नै नछापी फर्जी बिलमार्फत रकम हिनामिना गरिएको छ भने कतै लाखौं रुपैयाँको बिल पेस गर्नका लागि केवल औपचारिकता पूरा गर्ने उद्देश्यले न्यून प्रकाशन गरिएको भेटिएको छ। अझ गम्भीर कुरा त के छ भने, विज्ञापन एजेन्सीहरूले सरकारी निकायसँग उच्च दरमा सम्झौता गर्ने तर वास्तविक सञ्चारमाध्यमलाई अत्यन्त न्यून रकम मात्र भुक्तानी गर्ने गरेका उदाहरणहरू समेत सार्वजनिक भएका छन्।

यस प्रक्रियामा सञ्चारमाध्यम पनि पूर्ण रूपमा निर्दोष छैनन्। सरकारी विज्ञापन पाउनकै लागि अत्यधिक छुट दिने, आर्थिक लाभका लागि आचारसंहितालाई बेवास्ता गर्ने, एनजिओ तथा परियोजनामार्फत कार्यक्रम किनबेचमा संलग्न हुने, र त्यसकै आधारमा समाचारको प्राथमिकता निर्धारण गर्ने प्रवृत्तिले पत्रकारिताको मूल मर्ममै धक्का पुगेको छ। 'जति कमिशन, त्यति विज्ञापन' भन्ने मानसिकताले सञ्चार क्षेत्रको विश्वसनीयता, निष्पक्षता र जनविश्वासलाई कमजोर बनाएको छ।

उपलब्ध तथ्यांकहरूले झन् चकित पार्ने चित्र प्रस्तुत गर्छन्। विज्ञापन बजेटको ठूलो हिस्सा–करिब दुईतिहाइभन्दा बढी–प्रत्यक्ष रूपमा सञ्चारमाध्यम वा सरकारी संस्थामा नपुगी विचौलियाकै हातमा पुग्ने गरेको देखिएको छ। सरकारी सञ्चारमाध्यमले सीमित हिस्सा मात्र प्राप्त गर्ने र निजी सञ्चारमाध्यमले अझै कम भाग पाउने अवस्था हुँदा वास्तविक लाभ विचौलियाले उठाउनु, प्रणालीको विकृत संरचना नै हो भन्ने पुष्टि गर्छ।

यही पृष्ठभूमिमा केही निकायहरूले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने र सरकारी सञ्चारमाध्यममै सीमित गर्ने निर्णय गरेका छन्। यस्तो निर्णयले तत्कालीन रूपमा कमिशन-केन्द्रित संरचनामा झट्का दिएको देखिन्छ। वर्षौंदेखि 'सेटिङ'मा आधारित वितरण प्रणालीमा निर्भर कर्मचारी, एजेन्सी र बिचौलियाहरूका लागि यो निर्णय घाटाको विषय बनेको छ।

तर, दीर्घकालीन दृष्टिले यो पूर्ण समाधान होइन। सरकारी सञ्चारमाध्यम मात्र प्रयोग गर्दा सूचना प्रवाहको विविधता घट्ने, प्रतिस्पर्धा कमजोर हुने र सरकारी पक्षीय सामग्रीको वर्चस्व बढ्ने जोखिम रहन्छ। स्वतन्त्र र बहुलवादी सञ्चार प्रणाली लोकतन्त्रको आधार भएकाले निजी सञ्चारमाध्यमलाई पूर्ण रूपमा अलग गर्नु उपयुक्त विकल्प हुन सक्दैन।

यसकारण, समाधानको वास्तविक बाटो सुधार र नियमनमा छ। सरकारी विज्ञापन वितरणलाई पारदर्शी, प्रविधिमैत्री र प्रतिस्पर्धात्मक बनाउन डिजिटल ट्र्याकिङ प्रणाली लागू गर्नु अत्यावश्यक छ। प्रत्येक विज्ञापनको प्रक्रिया–आह्वानदेखि भुक्तानीसम्म–अनलाइन सार्वजनिक गर्नुपर्ने, दररेटको स्पष्ट मापदण्ड निर्धारण गर्नुपर्ने, र बिलिङको अनिवार्य अडिट व्यवस्था लागू गर्नुपर्ने आवश्यकता देखिन्छ।

त्यस्तै, कमिशनमा संलग्न कर्मचारी, एजेन्सी वा सञ्चारमाध्यममाथि कडा कानुनी कारबाही, कालोसूचीमा राख्ने व्यवस्था, र जिम्मेवार पदाधिकारीलाई व्यक्तिगत उत्तरदायित्वको दायरामा ल्याउने नीति आवश्यक छ। नियामक निकायहरूको भूमिका प्रभावकारी बनाउँदै मन्त्रालय, विभाग र प्रेस काउन्सिलमार्फत सशक्त निगरानी प्रणाली स्थापना गर्नु पनि उत्तिकै महत्वपूर्ण छ।

अन्ततः, सरकारी विज्ञापन प्रणाली सुधार केवल आर्थिक अनुशासनको विषय होइन; यो नागरिकको सूचना अधिकार, सञ्चार स्वतन्त्रता र लोकतान्त्रिक मूल्यसँग प्रत्यक्ष रूपमा जोडिएको प्रश्न हो। विचौलिया-केन्द्रित संरचनालाई अन्त्य गर्दै पारदर्शी, निष्पक्ष र उत्तरदायी प्रणाली निर्माण गर्नु आजको आवश्यकता हो। सरकारको हालको निर्णयलाई अन्तिम निष्कर्ष होइन, सुधारको सुरुवातका रूपमा लिँदै दीगो र समावेशी विज्ञापन व्यवस्थातर्फ अघि बढ्नु नै समयको माग हो।

## पोखरिया ...

बनेको थियो।

पछि जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालाबीच छलफल भएपछि सहमति जुटेको जनाइएको छ। सहमतिपछि स्थिति सामान्य बनेको र झालाई सुरक्षित रूपमा बाहिर निकालिएको नगरपालिकाले जनाएको छ।

घटनाले स्थानीय तहमा निर्णय प्रक्रियामा देखिएको असन्तुलन, कर्मचारी व्यवस्थापनको चुनौती तथा राजनीतिक प्रभावबारे पुनः बहस सुरु गराएको छ।

## नेपालगन्जमा...

भएको आशंका व्यक्त गरेको छ। घटनाअघिल्लो दिन पनि उनीहरूबीच विवाद भएको थियो, र सोही राति आगोले जलेर मृत्यु हुने अवस्था सिर्जना भयो। घटनापछि आक्रोशित आफन्तले आरोपितको घरमा आक्रमणको प्रयास गरेका थिए र दोषीमाथि किटानी जाहेरी दिएका छन्।

सिर्जना प्रकरणले स्थानीय समुदाय, अधिकारकर्मी र लुम्बिनी प्रदेश सभामा ठूलो चासो सिर्जना गरेको छ। सांसद सुशीला वादीले घटना जघन्य र अमानवीय भएको भन्दै सरकारको ध्यानाकर्षण गराइन् र दोषीमाथि कडा कारवाहीको माग गरिन्। सांसद अम्बिका काफ्लेले महिला हिंसा न्यूनीकरणका लागि कानुन संशोधन गरी मृत्युदण्डसम्मको व्यवस्था आवश्यक भएको धारणा व्यक्त गरिन्। स्थानीय नागरिक र अधिकारकर्मीहरू पनि निरन्तर निष्पक्ष छानबिन र कठोर सजायको माग गर्दै आन्दोलनमा सक्रिय छन्। डीएसपी पातलीका अनुसार घटनाको सबै कोणबाट अनुसन्धान जारी छ। हालसम्म अभियुक्तमाथि दुई पटक म्याद थप भइसकेको छ र चैत २७ गते तेस्रो पटक म्याद थप गर्ने तयारी छ। उनले भने, "अनुसन्धान पूरा भएपछि मात्र विस्तृत तथ्य सार्वजनिक गर्न सकिन्छ।" सिर्जना बुढामगरको मृत्यु प्रकरणले महिला हिंसा नियन्त्रण, कानुनी सुधार र समाजको सक्रिय सहभागिताको आवश्यकता उजागर गरेको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# तिलाबे खोलाको बेलिब्रिज निर्माण ढिलो, स्थानीयमा चिन्ता बढ्दै

***संवाहक सम्वादाता**-२४चैत्र, कलैया*

गण्डक नहर क्षेत्रमा पर्ने तिलाबे खोलामा निर्माणाधीन बेलिब्रिजको काम अपेक्षाभन्दा निकै ढिलो गतिमा अघि बढ्दा स्थानीयवासीमा चिन्ता र आक्रोश बढ्न थालेको छ। निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि हालसम्म करिब ३० प्रतिशत मात्रै काम सम्पन्न भएको देखिएको छ।



नारायणी सिँचाइ व्यवस्थापन कार्यालय अन्तर्गत निर्माण भइरहेको उक्त पुल ममता इन्टरप्राइजेज एन्ड कन्स्ट्रक्सन प्रालिले जिम्मा लिएको हो। करिब २ करोड ४६ लाख रुपैयाँभन्दा बढी लागतमा सुरु गरिएको यो योजना १५ मे २०२६ भित्र सक्ने लक्ष्य राखिएको भए पनि कामको सुस्त गतिले समयसीमा पूरा हुनेमा आशंका उब्जिएको छ। यसअघि आएको बाढीले पुरानो आरसीसी पुलमा क्षति पुऱ्याएपछि यहाँको सवारी आवागमन पूर्णरूपमा अवरुद्ध बनेको थियो। अहिले पनि स्थानीयहरू जोखिम मोलेर पैदल तथा दुई पाङ्ग्रे सवारी प्रयोग गर्दै खोलो पार गर्न बाध्य छन्। वीरगञ्जलाई आसपासका उत्तर-पश्चिमी बस्तीहरूसँग जोड्ने मुख्य मार्गमा पर्ने यो पुल ढिलाइ हुँदा दैनिक जनजीवन प्रभावित बनेको छ। स्थानीय व्यवसाय, विद्यार्थीको आवतजावत र आपतकालीन सेवामा समेत समस्या देखिएको छ। स्थानीयले समयमै पुल निर्माण सम्पन्न नगरे अझ ठूलो जोखिम निम्तिन सक्ने चेतावनी दिएका छन्। विशेष गरी गण्डक नहरको संरचनामा असर पर्न सक्ने भन्दै उनीहरूले सम्बन्धित निकायलाई तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेका छन्।

# पेट्रोलियम पदार्थमा भन्सार र पूर्वाधार करमा ५० प्रतिशत छुट

***जनकपुर, २४ चैत्र ।***

सरकारले पेट्रोलियम पदार्थमा लाग्ने भन्सार महशुल र पूर्वाधार करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलका अनुसार, डिजेल, पेट्रोल र मट्टितेलको पैठारीमा लाग्ने करमा यो राहत दिइनेछ। सरकारले पेट्रोलियम पदार्थको खपत नियन्त्रणका लागि आवश्यक परे जोर-बिजोर प्रणाली समेत लागू गर्न सक्ने जनाएको छ।



बैठकले बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाका लागि विश्व बैंकबाट ८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय पनि गरेको छ। यसैगरी, राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमा डा. गुणाकर भट्टराईको नियुक्ति, र नेपाल राष्ट्र बैंकका दुई डेप्युटी गभर्नरमध्ये एक पदमा कार्यकारी निर्देशक किरण पण्डितलाई नियुक्त गर्ने निर्णय पनि भएको छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमण कुमार गौतम र सदस्य ललिता कुमारी महर्जन तथा ध्रुव आचार्यको राजीनामा स्वीकृत गर्ने निर्णय पनि बैठकले गरेको छ।

त्यस्तै, ललितपुरको पुल्चोक जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रलाई गोदावरी-३ मा स्थानान्तरण गर्ने र जल तथा ऊर्जा आयोगको सचिवालयको कार्यालय पुल्चोकमा सार्ने निर्णय पनि गरिएको छ। अर्को निर्णयअनुसार, नागढुङ्गा सुरुङ मार्गको पश्चिम खण्डमा पर्ने धुन्बेसी-९ मा करिब ९ रोपनी निजी जग्गा प्राप्त गर्न अनुमति दिइएको छ। त्यस्तै, पासाङल्हामु राजमार्गको बेतावती-धुन्चे-स्याफ्रुबेसी सडक खण्डको बुनुवा घुम्तीमा पर्ने उत्तरगया-५ मा करिब दुई रोपनी निजी जग्गा प्राप्त गर्ने स्वीकृति पनि दिइएको छ।

# जनकपुर मालपोत कार्यालयमा "विचौलिया" गिरोह माथि प्रहरीको एक्सन, ५ जना पक्राउ

***चैत २४, जनकपुर ।***

मालपोत कार्यालयमा सेवाग्राहीलाई झुक्याएर अवैध रकम असुल्ने गिरोहमाथि प्रहरीले कारबाही गर्दै पाँच जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार भूमि सुधार तथा मालपोत कार्यालय परिसरबाट उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ पर्नेमा कमला नगरपालिका-८ का नविन कुमार गोढान, जनकनन्दिनी गाउँपालिका-४ का राम बिनोद साह, महोत्तरी पिपरा स्थायी घर भई हाल जनकपुर-१३ बस्दै आएका बिराजी यादव, सबैला नगरपालिका-११ का जय गोविन्द यादव र जनकपुर-२ कदमचोकका ज्ञानदेव साह रहेका छन्।




प्रहरीको प्रारम्भिक अनुसन्धानले उनीहरू सरकारी सेवा सहज रूपमा उपलब्ध गराइदिने नाममा सर्वसाधारणबाट रकम असुल्दै आएको देखाएको छ। सेवाग्राहीलाई फकाएर छिटो काम गराइदिने प्रलोभन देखाउने र त्यसबापत रकम उठाउने कार्यमा उनीहरू सक्रिय रहेको जनाइएको छ। मालपोत कार्यालयमा लामो समयदेखि बिचौलियाको प्रभाव बढ्दै गएको गुनासोबीच प्रहरीले यो कदम चालेको हो। घटनापछि कार्यालय परिसरमा बिचौलियाविरुद्ध कडाइ सुरु गरिएको संकेत देखिएको छ। पक्राउ परेकामाथि ठगी तथा अन्य सम्बन्धित कसुरअन्तर्गत अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

# फरार ६ प्रतिवादी बारा प्रहरीको नियन्त्रणमा

***संवाहक सम्वादाता**-२४चैत्र, कलैया*

जिल्ला प्रहरी कार्यालय बारा र मातहत प्रहरी इकाइहरूले फरार रहेका ६ प्रतिवादीलाई नियन्त्रणमा लिएर बारा जिल्ला अदालतमा पेश गरेका छन्। उनीहरूलाई अदालतले पहिले नै दण्ड सजाय तोकेको थियो। प्रहरीका अनुसार पक्राउ परेकामध्ये एक जना ओसी महमद ठकुराई हुन्, जो कलैया उपमहानगरपालिका-१९ का बासिन्दा हुन्। उनीमाथि चेक अनादरको आरोप लाग्दै आएको थियो र अदालतले उनलाई १ महिना कैद र ३ हजार रुपैयाँ जरिवाना तोकेको थियो।



प्रहरी प्रवक्त तथा सूचना अधिकारी प्र.ना.ई. विजयराज पण्डितले बताए अनुसार, फरार प्रतिवादीहरूलाई मिति २४ चैत २०८२ मा खोजी-तलास गरी नियन्त्रणमा लिइएको हो। पक्राउ परेका सबै प्रतिवादीलाई तत्काल अदालतमा पेश गरिएको र कानुन अनुसार आवश्यक प्रक्रिया अघि बढाइएको छ।

यो घटनाले प्रहरी प्रशासनको तत्परता र कानुन कार्यान्वयनमा सक्रियता स्पष्ट पारेको छ। प्रहरी कार्यालयले नागरिकलाई कानुनबाहेक अन्य कुनै प्रकारको दबाब वा प्रभाव नपर्ने विश्वास दिलाएको छ।

जिल्ला प्रहरी कार्यालयले नागरिकलाई सचेत रहन र कानुन उल्लंघन नगर्न पनि अपिल गरेको छ।

# नेपालगन्जमा सिर्जना बुढामगरको मृत्यु प्रकरण,शव अझै अस्पतालमै

***२४ चैत्र, नेपालगञ्ज।***

बाँकेको नेपालगन्जमा चैत १४ गते राति जलेर मृत्यु भएकी सिर्जना बुढामगरको घटनामा प्रहरीले थप अनुसन्धानका लागि उनका मोबाइल फोन र अन्य सामग्री काठमाडौंस्थित प्रहरी प्रयोगशालामा पठाएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेका डीएसपी दीपक पातलीका अनुसार परीक्षण प्रतिवेदन आएपछि अनुसन्धान थप स्पष्ट हुनेछ। तर मृतकका आफन्तले हत्या भएको आरोप लगाउँदै शव बुझ्न अस्वीकार गरेका छन्, जसका कारण सिर्जना अझै भेरी अस्पतालमै राखिएको छ। घटनामा संलग्न भनिएका प्रेमी आरिफ ढपालीसहित




केही व्यक्तिहरूमाथि तेस्रो पटक म्याद थप गरी अनुसन्धान जारी राखिने तयारी भइरहेको प्रहरीले जनाएको छ।

आरिफ ढपाली फरार भए पनि प्रहरीले उनीसँगै उनकी आमा, दिदी र नाबालकलाई नियन्त्रणमा लिइसकेको छ भने अन्य दुई फरार व्यक्तिको खोजी जारी छ। प्रहरीले प्रारम्भिक रूपमा घटना प्रेमी-प्रेमिकाबीचको विवाद र कुटपिटपछि

बाँकी तेस्रो पृष्ठमा

# महोत्तरीमा मोटरसाइकल दुर्घटना : तीनको मृत्यु, तीन गम्भीर घाइत

***महोत्तरी, २४ चैत्र ।***

महोत्तरीको जलेश्वर-बर्दिबास सडकखण्डमा मंगलबार दोहोरो मोटरसाइकल दुर्घटनामा तीन जनाको जलेर मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन्।



जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार, दुर्घटना जलेश्वर नगरपालिका र एकडारा गाउँपालिकाको सिमाना, एकडारा-५ स्थित बखरी चोकबाट करिब २०० मिटर उत्तरतर्फ भएको थियो। दुर्घटनामा दुईवटा मोटरसाइकल परेका थिए, जसमा सवार व्यक्तिहरू दुर्घटनापछि आगोले जलेका थिए। ज्यान गुमाउनेहरूमा जलेश्वर नगरपालिका-६ का सुभाष दास, सोही स्थानका रवि दास र एकडारा गाउँपालिका-३ अजमरपट्टीका अभिषेक मण्डल रहेका छन्। गम्भीर घाइते हुनेमा जलेश्वर नगरपालिका-६ का रोहित दास, जयकुमार महतो र अभय कापर रहेका छन्।

प्रहरीका अनुसार दुवै मोटरसाइकलमा तीन/तीन जना सवार थिए। स्थानीय बासिन्दा र प्रहरीको संयुक्त प्रयासमा घाइतेहरूलाई उद्धार गरी जलेश्वर प्रादेशिक अस्पतालमा उपचारका लागि पठाइएको थियो। मृतकहरूको शव पोस्टमार्टमका लागि अस्पतालमा राखिएको छ। प्रहरीले दुर्घटनाको कारणको अनुसन्धान सुरु गरेको छ र सडक सुरक्षामा ध्यान दिन स्थानीयवासीहरूलाई सचेत रहन आग्रह गरेको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।